# सरुमारानी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः२, संख्याः७, चैत ३ गते, २०७५ साल

## भाग-२

## सरुमारानी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सरुमारानी गाउँपालिकाले बनाएको कानून उपदफा (३) वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# लेखा समिति कार्यविधि, २०७५

## सरुमारानी गाउँपालिका
## गाउँपालिकाको कार्यालय बड्डाँडा प्युठान
## ५ नं. प्रदेश नेपाल

**सम्वत् २०७५ सालको नियम नं ८**

प्रस्तावनाः

नेपालको संविधानको अनुसुची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकार र स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १४ को उपदफा १ बमोजिम गाउँपालिकाको को आफ्नो तथा अधिकार क्षेत्र भित्रको आर्थीक आय व्ययको विषयमा अध्ययन गर्न र अध्ययनबाट प्राप्त जानकारीलाई कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्न गाउँकार्यपालिकाको कार्यालय, गाउँपालिकामा हस्तान्तरण भै आएका सरकारी कार्यालय, स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ख को उपदफा १ बमोजिम सहकारी संस्थाहरुको, सोही ऐनको दफा ४ को उपदफा ङ को २ बमोजिम गाउँपालिका क्षेत्र भित्रका सामुदायिक वनहरुको आय व्ययको अध्ययन जाँचबुझ गरी सो को प्रतिवेदन पेश गर्न र आर्थीक ऐन बमोजिमको राय सल्लाह तथा परामर्श दिन वाञ्छनीय भएकोले सरुमारानी गाउँपालिका प्युठानलाई नियम सम्मत र पारदर्शी आर्थीक गतिविधि संञ्चालन तथा व्यवस्थापन गरी सुशासन कायम गर्न यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद –एक
## संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम “लेखा समिति कार्यविधि २०७५” रहेको छ ।

१.२ यो कार्यविधि कार्यपालिका बाट स्वीकृति भएको मिति बाट प्रारम्भ हुनेछ ।

१.३ यो कार्यविधि सरुमारानी गाउँकार्यपालिका को कार्यालय, गाउँपालिकामा हस्तान्तरण भै आएका सरकारी कार्यालयहरु, सहकारी संस्था र सामुदायिक वन हरुको हकमा मात्र लागु हुनेछ ।

परिच्छेद–दुई

## परिभाषा

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा-**

२.१ गाउँकार्यपालिकाको कार्यालय भन्नाले सरुमारानी गाउँकार्यपालिकाको कार्यालय बड्डाँडा प्युठानलाई सम्झनु पर्दछ ।

२.२ गाउँपालिकामा हस्तान्तरण भैआएका सरकारी कार्यालय भन्नाले शिक्षा शाखा र त्यस अन्तर्गत माध्यमिक तथा आधारभुत विद्यालयहरु, स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाई, कृषि शाखा, पशु शाखा, महिला तथा बालबालिका शाखा लाई सम्झनुपर्दछ ।

२.३ सहकारी संस्था भन्नाले यस गाउँपालिका भित्र रहेका पहिले देखिनै संञ्चालनमा रहेका तथा नयाँ दर्ता भइ संञ्चालनमा आउने विभिन्न उद्देश्यीय सहकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

२.४ सामुदायिक वन भन्नाले वन ऐन तथा नियमावली बमोजिम दर्ता भएका जिल्ला वन कार्यालय प्युठानबाट विधान तथा कार्ययोजना स्वीकृत गरी संञ्चालनमा रहेका यस गाउँपालिका भित्रका सामुदायिक वन उपभोक्ता समुह हरुलाई सम्झनु पर्दछ ।

२.५ लेखा समिति भन्नाले सरुमारानी गाउँकार्यपालिकाबाट गठित लेखा समितिलाई सम्झनु पर्दछ ।

परिच्छेद–तीन

## गाउँकार्यपालिकाको कार्यालयको आय व्ययको अध्ययन तथा जाँचबुझ सम्बन्धी व्यवस्था

३.१ गाउँकार्यपालिका कार्यालयको हकमा लेखा शाखाले चौमासिक आय व्यय को विवरण चौमासिक अवधिको समाप्ति पछि १५ दिन भित्र लेखा समितिलाई बुझाउनेछ र लेखा समिति ले सो विवरणलाई

अध्ययन गर्न आवश्यक ठहर गरेमा फाईलको अध्ययन गर्नेछ र आय व्ययको प्रतिवेदन कार्यपालिका को बैठकमा पेश गर्नेछ ।

३.२ दफा (३) १ बमोजिम लेखा समितिमा पेश हुन नआएमा लेखा समिति ले आय व्ययको फाईल अध्ययन गरी सो को प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्नेछ ।

३.३ अध्ययन गरी लेखा समितिले प्रतिवेदन पेश गर्दा उक्त आय व्यय आर्थिक ऐन, नितिगत तथा कार्यगत निर्णय बमोजिम भएको भए सोहि अनुसारको प्रतिवेदन र नियमानुसार नभएको ठहर भएमा राय परामर्श दिई सोहि अनुसारको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

३.४ अध्ययन जाँचबुझ गरिएका खर्च भुक्तानी का फाईलहरु अनियमित तथा आपत्तिजनक देखिएमा लेखा समितिले उक्त फाईललाई कार्यपालिका बैठकमा निर्णयार्थ पेश गर्नेछ ।

३.५ आ.व. २०७४/७५ को आय व्यय को हकमा लेखा समिति गठन तथा कार्यविधि पारित नभएको कारण आ.व. को सम्पुर्ण आय व्ययको अध्ययन गरी प्रतिवेदन पेश गर्न सक्नेछ ।

## परिच्छेद–चार
## हस्तान्तरण भईआएका सरकारी कार्यालयको आय व्यय अध्ययन तथा जाँचबुझ सम्बन्धी व्यवस्था

४.१ हस्तान्तरण भईआएका सरकारी कार्यालयको आयव्यय अध्ययन भनिएको भएता पनि गाउँकार्यपालिका कार्यालय बाट सशर्त अनुदान अनुरुप भुक्तानी हुने शिर्षकहरुको अध्ययन हुनेछ र निर्धारित कार्यक्रमहरुको कार्यान्वयन पक्षको अध्ययन तथा जाँचबुझ गरिनेछ ।

४.२ सर्शत अनुदान बाहेक उक्त कार्यालयको अन्य आन्तरिक आय तथा व्ययको चौमासिक प्रतिवेदन चौमासिक अवधिको समाप्ति पछि १५ दिन भित्र शाखा कार्यालय मार्फत गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ । यसरी प्राप्त भएको प्रतिवेदन लाई लेखा शाखा ले रुजु गरी आवश्यक ठहर गरेमा मात्र लेखा समितिलाई बुझाउनु पर्नेछ ।

## परिच्छेद–पाँच

## सहकारी संस्था सम्बन्धमा

५.१ यस गाउँपालिका भित्र संञ्चालनमा रहेका सहकारी संस्थाहरु र अब नयाँ दर्ता भई संञ्चालनमा आउने सहकारी संस्थाहरुको अर्धवार्षिक रुपमा गरिने आन्तरिक लेखा परीक्षण पश्चात आलेप समितिले पेश गरेको प्रतिवेदन लाई पेश भएको १५ दिन भित्र सहकारी संस्थाले गाउँकार्यपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

५.२ आ.व. समाप्ति पश्चात वार्षिक आ.ले.प.को प्रतिवेदन लाई आलेप समितिले पेश गरेको १५ दिन भित्र सहकारी संस्थाले गाउँकार्यपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

५.३ यो आ.व.को आयव्यय प्रतिवेदनको हकमा कार्यविधि पारित भएपछि लेखा समितिले पत्राचार गर्नेछ र पत्र प्राप्त भएपछि ३० दिन भित्र आय व्यय प्रतिवेदन गाउँकार्यपालिकाको लेखा समितिलाई पेश गर्नुपर्नेछ ।

५.४ प्राप्त भएका प्रतिवेदन हरुलाई लेखा समितिले अध्ययन गरी सोको प्रगति प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्नेछ र कार्यपालिका र आर्थिक विषयगत समिति ले नितिगत निर्देशन तथा राय सल्लाह सहकारी संस्थालाई पठाउनेछ ।

## परिच्छेद–छ

## सामुदायिक वनको आयव्ययको अध्ययन तथा जाँचबुझ सम्बन्धमा

६.१ यस गाउँपालिका भित्र रहेका सामुदायिक वन उपभोक्ता समुहको आन्तरिक आय तथा व्ययको वार्षिक आमभेला मा प्रस्तुत गर्नु पुर्व आ.व. सम्पन्न भएको ३० दिन भित्र आय व्यय प्रतिवेदन गाउँकार्यपालिकाको लेखा समितिलाई पेश गर्नुपर्नेछ ।

६.२ यो आ.व.को आयव्यय प्रतिवेदनको हकमा कार्यविधि पारित भएपछि लेखा समितिले पत्राचार गर्नेछ र पत्र प्राप्त भएपछि ३० दिन

भित्र आय व्यय प्रतिवेदन गाउँकार्यपालिकाको लेखा समितिलाई पेश गर्नुपर्नेछ ।

६.३ आन्तरिक आयको विवरण पेश गर्दा बैंक स्टेटमेन्ट को १ प्रति नत्थी गरी पेश गर्नुपर्नेछ ।

६.४ लेखा समितिले प्राप्त प्रतिवेदनको अध्ययन गर्दा सामुदायिक वन उपभोक्ता समिति र समुहका निर्णयहरुको अध्ययन , स्थानीय उपभोक्ताहरु सँग सोधपुछ तथा जानकारी लिने र जिल्ला वन कार्यालय सँग पनि आवश्यक जानकारी तथा राय लिन सक्नेछ ।

६.५ अध्ययन पश्चात लेखा समितिले उक्त प्रतिवेदनहरु लाई कार्यपालिका बैठकमा पेश गर्नेछ ।

६.६ कार्यपालिका ले प्रतिवेदन उपर छलफल गरी सामुदायिक वनहरुलाई आवश्यक सुझाव तथा निर्देशन दिने निर्णय गर्नेछ ।

आज्ञाले,
अमर बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत



**प्रकाशन : सरुमारानी गाउँपालिका, बड्डाँडा प्यूठान**